"Access to All"

# गरिमा विकास बैंक लिमिटेड
# Garima Bikas Bank Limited

"नेपाल राष्ट्र बैंकबाट "ख" वर्गको इजाजतपत्र प्राप्त संस्था"


प्रधान कार्यालय
काठमाडौं महानगरपालिका-२, लाजिम्पाट
फोन नं.: ०१-४४४५४२४/२५/२६/२७/२८/४४२६३५४/४४२५०५४
फ्याक्स: ०१-४४४५४३०, E-mail: info@ garimabank.com.np
www.garimabank.com.np


## गरिमा विकास बैंक लिमिटेड, लाजिम्पाट, काठमाण्डौमा सहारा विकास बैंक लिमिटेड, मलंगवा, सर्लाही प्राप्ति हुने सन्दर्भमा संचालक समितिको तर्फबाट अध्यक्षज्यू मार्फत प्रस्तुत प्रतिवेदन

# विशेष साधारण सभा

२०७८ भाद्र १५ गते

लाजिम्पाट, काठमाण्डौ

# संचालक समिति



**श्याम प्रसाद वस्याल**
अध्यक्ष



**डा. आनन्द प्र. श्रेष्ठ**
संचालक



**दिपेन्द्र श्रेष्ठ**
संचालक



**बिमल पाण्डे**
संचालक



**संजिव ढकाल**
संचालक



**सरस्वती पाठक**
संचालक



**कुञ्जराज थापा**
संचालक

# उच्च व्यवस्थापन समूह



**गोविन्द प्रसाद ढकाल**
प्रमुख कार्यकारी अधिकृत



**माधव प्रसाद उपाध्याय**
नायव प्रमुख कार्यकारी अधिकृत
(कम्पनी सचिव)

"Access to All"

गरिमा विकास बैंक लिमिटेड

Garima Bikas Bank Limited

"नेपाल राष्ट्र बैंकबाट "ख" वर्गको इजाजतपत्र प्राप्त संस्था"


प्रधान कार्यालय: काठमाण्डौ महानगरपालिका-२, लाजिम्पाट, काठमाण्डौ

फोन नम्बर : ०१-४४४५४२४/२५/२६

वैभसाइट: www.garimabank.com.np इमेल: info@ garimabank.com.np


# गरिमा विकास बैंक लिमिटेड, लाजिम्पाट, काठमाण्डौमा सहारा विकास बैंक लिमिटेड, मलंगवा, सर्लाही प्राप्ति हुने सन्दर्भमा संचालक समितिको तर्फबाट अध्यक्षज्यू मार्फत प्रस्तुत प्रतिवेदन

# विशेष साधारण सभा

२०७८ भाद्र १५ गते

लाजिम्पाट, काठमाण्डौ

"Access to All"

गरिमा विकास बैंक लिमिटेड
Garima Bikas Bank Limited
"नेपाल राष्ट्र बैंकबाट "ख" वर्गको इजाजतपत्र प्राप्त संस्था"

**प्रधान कार्यालयः काठमाण्डौ महानगरपालिका-२, लाजिम्पाट, काठमाण्डौ**
**फोन नम्बर : ०१-४४४५४२४/२५/२६**
**वैभसाइटः www.garimabank.com.np इमेलः info@garimabank.com.np,**
**को**

# विशेष साधारण सभा सम्बन्धी सूचना !

**(प्रथम पटक प्रकाशित मिति : २०७८ श्रावण ३२ गते सोमवारको कारोबार राष्ट्रिय दैनिकमा प्रकाशित)**

यस गरिमा विकास बैंक लिमिटेडको मिति २०७८ श्रावण २१ गते बसेको संचालक समितिको २६१ औं बैठकको निर्णय अनुसार कम्पनीको विशेष साधारण सभा निम्न मिति, समय र स्थानमा देहायका विषयहरुमा छलफल गर्न बस्ने भएकोले सम्पूर्ण शेयरधनी महानुभावहरुको उपस्थितिको लागि यो सूचना प्रकाशित गरिएको छ ।

**सभा बस्ने मिति, समय र स्थान :**

**मिति :-२०७८ भाद्र १५ गते मंगलवार (तद्नुसार अगष्ट ३१, २०२१)**

**समय :- बिहान १०:०० बजे**

**स्थान :- केन्द्रीय कार्यालय लाजिम्पाट, काठमाण्डौं**

**विशेष प्रस्तावहरु :**

(१) गरिमा विकास बैंक लिमिटेडमा सहारा विकास बैंक लिमिटेड प्राप्ति हुने सम्बन्धी प्रस्ताव तथा सो सम्बन्धमा संचालक समितिको तर्फबाट अध्यक्षज्यूमार्फत प्रस्तुत प्रतिवेदन पारित गर्ने ।

(२) गरिमा विकास बैंक लिमिटेडमा सहारा विकास बैंक लिमिटेड प्राप्ति पश्चात विकास बैंकको नाम नेपालीमा **"गरिमा विकास बैंक लिमिटेड"** र अंग्रेजीमा **"Garima Bikas Bank Limited"** कायम गरी सो नामबाट वित्तीय कारोबारको निरन्तरता दिने सम्बन्धी प्रस्ताव पारित गर्ने ।

(३) गरिमा विकास बैंक लिमिटेडमा सहारा विकास बैंक लिमिटेड प्राप्ति प्रयोजनका लागि चल, अचल सम्पत्ति र दायित्व मुल्यांकन (Due Diligence Audit, DDA) गर्न संयुक्त मर्जर समितिबाट

लेखापरीक्षक (DDA मुल्याकंनकर्ता) नियुक्त तथा निजको पारीश्रमिक निर्धारण गरेकोमा संचालक समितिको सिफारिश बमोजिम लेखापरीक्षकको नियुक्ति र पारिश्रमिक निर्धारण सम्बन्धी निर्णयलाई अनुमोदन गर्ने ।

(४) गरिमा विकास बैंक लिमिटेडमा सहारा विकास बैंक लिमिटेड प्राप्ति हुने प्रयोजनका लागि सहारा विकास बैंक लिमिटेडको सम्पत्ति तथा दायित्वको मूल्यांकनकर्ता लेखापरिक्षकबाट प्राप्त लक्षित संस्था, सहारा विकास बैंक लिमिटेडको चल अचल सम्पत्ति र दायित्वको मूल्यांकन (Due Diligence Audit, DDA) प्रतिवेदन तथा सो समेतको आधारमा संयुक्त प्राप्ति समितिको सिफारिशमा संचालक समितिबाट निर्धारण गरिएको शेयर आदान प्रदान अनुपात (Share Swap Ratio) अनुमोदन गर्ने । शेयर आदान प्रदान अनुपात (Share Swap Ratio) एक बराबर एक (१:१) निर्धारण गरिएको छ । (अर्थात हाल सहारा विकास बैंक लिमिटेडका शेयरधनीहरुको सहारा विकास बैंक लिमिटेडमा जुन समुह (संस्थापक तथा सर्वसाधारण) को जे जति कित्ता शेयर रहेको छ प्राप्ति प्रक्रिया सम्पन्न भए पश्चात उक्त सहारा विकास बैंक लिमिटेडका शेयरधनीहरुले गरिमा विकास बैंक लिमिटेडको सोही समुहको सोही बराबर कित्ता शेयरको हकदार रहनुहुनेछ) ।

(५) गरिमा विकास बैंक लिमिटेडमा सहारा विकास बैंक लिमिटेड प्राप्ति हुने प्रयोजनका लागि सम्पन्न सम्झौतापत्र (Agreement), सहमतिपत्र (Memorendum of Understanding, MOU), संयुक्त प्राप्ति समिति गठन एवं संयुक्त प्राप्ति समितिलाई आवश्यक कार्य गर्न सक्ने अख्तियारी प्रत्यायोजन गर्ने संचालक समितिको निर्णय अनुमोदन गर्ने ।

(६) गरिमा विकास बैंक लिमिटेडमा सहारा विकास बैंक लिमिटेड प्राप्ति पश्चात गरिमा विकास बैंक लिमिटेडको साविक जारी तथा चुक्ता पुंजी रु ३,६७,५९,१२,५०१।०८ (अक्षरेपी तीन अर्व सतसट्ठी करोड उनान्साठी लाख बाह्र हजार पाँच सय एक र पैसा आठ मात्र) मा सहारा विकास बैंक लिमिटेडको जारी तथा चुक्ता पुँजी रु. २७,२२,७०,६०४।- (अक्षरेपी सत्ताइस करोड बाइस लाख सत्तरी हजार छ सय चार मात्र) थप हुँदा गरिमा विकास बैंक लिमिटेडको जारी पुँजी र चुक्ता पुँजी रु ३,९४,८१,८३,१०५।०८ (अक्षरेपी तीन अर्व चौरानब्बे करोड एकासी लाख त्रियासी हजार एक सय त्रियासी र आठ पैसा मात्र) कायम हुने भएकोले विकास बैंकको जारी तथा चुक्ता पुँजी रु ३,९४,८१,८३,१०५।०८ (अक्षरेपी तीन अर्व चौरानब्बे करोड एकासी लाख त्रियासी हजार एक सय त्रियासी र आठ पैसा मात्र) कायम गर्ने तथा सोही अनुसार विकास बैंकको प्रबन्धपत्रको दफा ५ को उपदफा (ख) र (ग) मा संलग्न अनुसूची बमोजिम जारी तथा चुक्ता पुँजी सम्बन्धि व्यवस्थाहरु संशोधन गर्ने ।

(७) गरिमा विकास बैंकमा सहारा विकास बैंक लिमिटेड प्राप्ति हुने सिलसिलामा गर्नु पर्ने आवश्यक कार्य गर्न वा नेपाल राष्ट्र बैंक वा कम्पनी रजिष्ट्रारको कार्यालयबाट वा अन्य नियामक निकायबाट प्राप्ति सम्बन्धी अन्तिम स्वीकृति प्राप्त गर्ने, सो पश्चात एकिकृत कारोवार गर्ने, शेयर कारोवार सुचारु गर्ने लगायतका प्राप्ति संग सम्बन्धि प्रक्रिया पुरा गर्ने सिलसिलामा कुनै निर्देशन प्राप्त भई सो अनुसार निर्णय गर्नु

पर्ने भएमा वा प्राप्ति प्रक्रियालाई सफलतापूर्वक सम्पन्न गर्न कुनै थप निर्णय गर्नुपर्ने भएमा सो सम्बन्धी सम्पूर्ण कार्यहरु गर्न सञ्चालक समितिलाई पूर्ण अख्तियारी प्रदान गर्ने ।

(८) विकास बैंकको प्रबन्धपत्रको दफा ४ अन्तर्गत विकास बैंकको उद्देश्य प्राप्त गर्न गरिने कार्यहरुमा "दफा ४ (ज्ञ) (ज) : सामुहिक लगानी कोष (म्युचुअल फण्ड) स्थापना गरी कोष प्रवर्द्धकको रुपमा कार्य गर्ने" भन्ने व्यवस्था थप गर्ने ।

(९) संचालक समितिका अध्यक्ष तथा संचालकहरुको दैनिक भत्ता, भ्रमण खर्च र इन्टरनेट खर्च लगायतका सुविधा वृद्धि/थप गर्ने र सोही बमोजिम विकास बैंकको नियमावलीको नियम २९ को उपनियम १ (ग) र १ (घ) मा समय सापेक्ष संशोधन गर्ने ।

(१०) प्रवन्धपत्र तथा नियमावली संशोधन उपर नेपाल राष्ट्र बैंक एवं कम्पनी रजिष्ट्रारको कार्यालयबाट स्वीकृत/संशोधन अभिलेख गराउनको लागि आवश्यकता अनुसार सो मा थपघट गर्न तथा सच्याउन परेमा सो सम्बन्धी सम्पूर्ण कार्य गर्न सञ्चालक समितिलाई पुर्ण अख्तियारी प्रदान गर्ने ।

(११) विविध :

संचालक समितिको आज्ञाले,
**माधव प्रसाद उपाध्याय**
(कम्पनी सचिव)

# विशेष साधारण सभा सम्बन्धी अन्य जानकारीहरु:

१. यस गरिमा विकास बैंक लिमिटेडको विशेष साधारण सभा प्रयोजनका लागि यस बैंकको शेयर कारोवार मिति २०७८।०५।९ गते देखि बन्द रहनेछ। मिति २०७८।०५।८ गते सम्म नेपाल स्टक एक्स्चेञ्ज लिमिटेडमा कारोबार भई विकास बैंकको शेयर रजिष्ट्रार एनआईविएल एस क्यापिटल लिमिटेड, काठमाण्डौंमा प्राप्त शेयरहरु मात्र विशेष साधारण सभा प्रयोजनका लागि नामसारी गरिने छ।

२. वार्षिक साधारण सभामा भाग लिन इच्छुक शेयरधनी महानुभावहरुले आफ्नो परिचय खुल्ने कुनै प्रमाण पत्र वा सो को प्रतिलिपि अनिवार्य रुपमा साथमा लिई बैंकले जारी गरिएको प्रवेशपत्र वा शेयरप्रमाणपत्र वा बैंकको शेयर अभौतिकिकरण गरेको विवरण देखिने BOID Statement प्रस्तुत गरी सभाकक्ष भित्र प्रवेश गर्नुहुन अनुरोध छ।

३. प्रोक्सी ल्याउने व्यक्ति यस बैंकको शेयरधनीहरु मध्येबाट हुनु पर्नेछ, अन्यथा प्रोक्सी मान्य हुने छैन। प्रोक्सी (प्रतिनिधि पत्र) सभा हुनु भन्दा ४८ घण्टा अगावै यस विकास बैंकको प्रधान कार्यालयमा दाखिल भईसकेको हुनु पर्नेछ। प्रतिनिधिपत्र (प्रोक्सी) फाराम विकास बैंकको प्रधान कार्यालय एवं शाखा कार्यालयहरुबाट प्राप्त गर्न सकिनेछ। साथै विकास बैंकको वैभ साइट www.garimabank.com.np बाट समेत डाउनलोड गर्न सकिने व्यवस्था मिलाइएको छ।

४. नावालक शेयरवालाको तर्फवाट नावालकको संरक्षक भएकोले सभामा भाग लिन, मतदान गर्न वा शेयर वालाहरु मध्येबाटै अन्य व्यक्तिलाई प्रतिनिधि तोक्न पाउने छ, तर आफु संरक्षक भएको शेयरवालाको बाहेक अरुको प्रोक्सी ल्याउन पाइने छैन।

५. संयुक्त शेयरवालाहरु मध्ये लगत कितावमा पहिले नाम उल्लेख भएको व्यक्ति वा सर्वसम्मतिवाट प्रतिनिधि नियुक्त गरिएको एक व्यक्तिलाई मात्र सभा हलमा भाग लिने र मतदान गर्ने अधिकार हुने छ।

६. बैंकको विशेष साधारण सभाको पुस्तिका शेयरधनी महानुभावहरुको व्यक्तिगत ठेगाानामा पठाइने छ। कारणवश पुस्तिका प्राप्त हुन नसकेमा बैंकको प्रधान कार्यालय, काठमाण्डौं महानगरपालिका वडा नं. २ लाजिम्पाट, काठमाण्डौमा सम्पर्क राखी प्राप्त गर्न सकिने छ। साथै उक्त पुस्तिका विकास बैंकको वेभसाइट www.garimabank.com.np मा समेत राखिनेछ।

७. छलफलको विषय अन्तर्गत विविध शीर्षकमा शेयरधनी महानुभावहरुले कुनै विषय उपर छलफल गर्न चाहनु भएमा सो विषय बारे सभा हुनुभन्दा ७ (सात) दिन अगावै बैंकको प्रधान कार्यालयमा लिखित जानकारी दिनु पर्नेछ।

८. शेयरधनी महानुभावहरुको सुविधाको लागि सभाहलमा हाजिरि पुस्तिका सभा हुने दिन दिनको ९:३० बजे देखि नै खुल्ला राखिनेछ । शेयरधनी महानुभावहरुले उक्त पुस्तिकामा हस्ताक्षर गरी आफ्नो उपस्थिति जनाउनुपर्नेछ । तर हाल कोभिड १९ को महामारीका कारण शेयरधनी महानुभावहरुलाई अनलाईन जुम (Zoom) प्रविधिको माध्यमबाट सभामा सहभागी हुने व्यवस्था मिलाईएको छ । सो माध्यमको प्रयोगमा प्राथमिकता दिनुहुन बैंक अनुरोध समेत गर्दछ । Zoom Meeting को आइडी र पासकोड शेयरधनी कितावमा अभिलेखित शेयरधनी महानुभावको मोवाइलमा म्यासेज मार्फत पठाईनेछ ।

९. अन्य थप जानकारीको लागि बैंकको प्रधान कार्यालय, काठमाण्डौं महानगरपालिका वडा नं. २ लाजिम्पाट, काठमाण्डौंमा सम्पर्क गर्नुहुन वा बैंकको आधिकारिक वेभ साइट www.garimabank.com.np हेर्नु हुन अनुरोध छ ।

# प्रोक्सी फाराम

श्री संचालक समिति
गरिमा विकास बैंक लिमिटेड,
काठमाण्डौ महानगरपालिका-२, लाजिम्पाट, काठमाण्डौ ।

**विषय : प्रतिनिधि (प्रोक्सी) नियुक्त गरेको बारे ।**

महाशय,

.................जिल्ला,.................... म.न.पा. /उ.म.न.पा. /न.पा. /गा.पा, वडा नं...............बस्ने म/हामी ........................ले त्यस कम्पनीको शेयरधनीको हैसियतले सम्बत् २०७८ साल भाद्र १५ गते मंगलबारका दिन हुने विशेष साधारण सभामा म/हामी स्वयं उपस्थित भई छलफल तथा निर्णयमा सहभागी हुन नसक्ने भएकाले उक्त सभामा मेरो/हाम्रो तर्फबाट भाग लिन तथा मतदान गर्नका लागी ............................................ जिल्ला, ................. न.पा. /गा.वि.स., वडानं.......बस्ने श्री ..................................... लाई मेरो/हाम्रो प्रतिनिधि (प्रोक्सी) नियुक्त गरी पठाएको छु /छौं ।

| **प्रोक्सी पाउनेको निवेदक** | **प्रोक्सी दिनेको निवेदक** |
|---|---|
| दस्तखत :......................... | दस्तखत :......................... |
| नाम :.............................. | नाम :.............................. |
| ठेगाना :............................ | ठेगाना :.......................... |
| शेयरधनी/हितग्राही नं................ | शेयरधनी/हितग्राही नं............... |
| शेयर संख्या :..................... | शेयर संख्या :..................... |
| मिति:...................................... | मिति:...................... |

(द्रष्टव्य : यो निवेदन साधारण सभा हुनु भन्दा कम्तीमा ४८ घण्टा अगावै कम्पनीको प्रधान कार्यालय लाजिम्पाट, काठमाण्डौमा दर्ता गरिसक्नु पर्नेछ ।)

..........................................................................................................................................

"*Access to All*"

गरिमा विकास बैंक लिमिटेड
Garima Bikas Bank Limited
"नेपाल राष्ट्र बैंकबाट "ख" वर्गको इजाजतपत्र प्राप्त संस्था"
प्रधान कार्यालय : काठमाण्डौ-२, लाजिम्पाट, काठमाण्डौ

**विशेष साधारण सभामा उपस्थित हुन जारी गरिएको प्रवेश-पत्र**

शेयरधनीको नाम :........................................
ठेगाना :........................................
शेयरधनी नम्बर :........................................
शेयर संख्या :........................................
शेयरधनीको दस्तखत :........................................

**द्रस्टब्य:**

(१) यो प्रवेश पत्रको खाली स्थानमा शेयरधनी स्यवंले भर्नुहुन अनुरोध छ ।

(२) विशेष साधारण सभामा यो प्रवेश पत्र लिएर आउनुहुन तथा साधारण सभा अवधिभर साथमै राख्नुहुन अनुरोध छ ।

# संचालक समितिको तर्फबाट अध्यक्षको मन्तब्य



**आदरणीय शेयरधनी महानुभावहरु,**

गरिमा विकास बैंक लिमिटेडको विशेष साधारण सभामा भौतिक रुपमा उपस्थित भई तथा भर्चुल माध्ययम समेतको प्रयोग गरेर सहभागीता जनाउनुहुने सम्पूर्ण शेयरधनी महानुभावहरु, पर्यवेक्षक तथा अतिथिज्यूहरुलाई संचालक समिति तथा मेरो ब्यक्तिगत तर्फबाट समेत हार्दिक स्वागत गर्दछु । कोभिड-१९ को महामारीका कारण भौतिक रुपमा यस सभामा धेरै भन्दा धेरै शेयरधनी महानुभावहरुलाई सहभागी गराउन कठिनाई भएको यहाँहरु सबैमा सर्वविदित नै छ । यस कठिन अवस्थामा समेत विशेष साधारण सभा सम्पन्न गर्नुपरेको हुँदा शेयरधनी महानुभावहरुलाई जुम प्रविधिको प्रयोग गरी भर्चुअल माध्ययमबाट सहभागी हुने ब्यवस्था मिलाइएको छ । यस विशेष साधारण सभाका लागि बैंकले शेयरधनी महानुभावहरुलाई जानकारी संप्रेषण गरिसकेकोले शेयरधनी महानुभावहरुबाट विषयवस्तुको बारेमा अवगत भइसकेको छ भन्ने विश्वास लिएको छु । तसर्थ यस सम्मानित सभामा संचालक समितिको तर्फबाट विशेष साधारण सभा बोलाउनुको औचित्य एवं आवश्यकतालाई औपचारिक रुपमा प्रस्तुत गर्न चाहन्छु । साथै  सम्पुर्ण शेयरधनी महानुभावहरुबाट यस सभा समक्ष प्रस्तुत प्रस्तावहरु सर्वसम्मतिबाट पारित गरिदिनुहुन समेत अनुरोध गर्दछु । मुलभूत रुपमा यो विशेष साधारण सभा सहारा विकास बैंक लिमिटेडलाई गरिमा विकास बैंक लिमिटेडमा प्राप्ति गर्ने प्रयोजनका लागि बोलाइएको हुँदा विकास बैंकका विविध गतिविधि लगायतका विषयवस्तु यस प्रतिवेदनमा उल्लेख नगरिएको जानकारी सम्पुर्ण शेयरधनी महानुभावहरुमा जानकारी गराउन चाहन्छु ।

गरिमा विकास बैंक लिमिटेड, नेपाल सरकार, कम्पनी रजिष्ट्रारको कार्यालयमा दर्ता नं. १०१४/२०६४/६५ रहेको, नेपाल राष्ट्र बैंकबाट “ख” वर्गको बैंकिङ्ग कारोबार गर्न इजाजतपत्रप्राप्त राष्ट्रियस्तरको विकास बैंक हो । मिति २०६४/६/२४ मा नेपाल राष्ट्र बैंकबाट १-३ जिल्लास्तर (स्याङ्गजा, कास्की र पाल्पा) कार्यक्षेत्रमा वित्तीय कारोबार गर्नको लागि इजाजतपत्रप्राप्त यस विकास बैंकले २०६४/०७/१८ देखि स्याङ्गजाको वालिङबाट औपचारिक रुपमा वित्तीय कारोबार आरम्भ गरेको थियो । मिति २०६८/१२/२० देखि ४-१० जिल्लास्तर (स्याङजा, कास्की, पाल्पा, रुपन्देही, कपिलवस्तु, दाङ, नवलपरासी, तनहँ, पर्वत, र बाग्लुङ) को विकास बैंकको रुपमा वित्तीय सेवा प्रवाह गर्ने गरी कार्यक्षेत्र विस्तारको स्वीकृति पाएको थियो । यस विकास बैंकले म्याग्दी जिल्लाको

बेनीमा प्रधान कार्यालय रहेको साविक निलगिरि विकास बैंक लिमिटेडलाई गाभेपश्चात मिति २०७२ आषाढ २९ गतेदेखि राष्ट्रियस्तरको विकास बैंकको रुपमा परिणत भएको हो । विकास बैंकले मिति २०७३ असोज ४ गते चितवन जिल्लाको नारायणगढमा केन्द्रीय कार्यालय रहेको साविक शुभेच्छा विकास बैंकलाई गाभेपछि पोखराको महेन्द्रपुलमा रहेको केन्द्रीय कार्यालय मिति २०७३ चैत्र २७ गतेदेखि काठमाण्डौं महानगरपालिका वार्ड नं. २, लाजिम्पाटमा स्थानान्तरण गरी संचालन भैरहेको व्यहोरा पुनः स्मरण गराउन चाहन्छु । हाल विकास बैंकले १०६ शाखा कार्यालयहरुमार्फत देशका सातै प्रदेशहरुका ३४ जिल्लाहरुमा बैकिङ सेवा प्रवाह गरिरहेको छ भने ८ शाखा कार्यालय र १ एक्स्टेन्सन काउन्टर संचालन गर्ने सिलसिलामा कार्य भईरहेको छ । यस साधारण सभामा प्रस्तुत प्रस्ताव बमोजिम सहारा विकास बैंक प्राप्ति पश्चात सहारा विकास बैंकको केन्द्रीय कार्यालय सहित ४ वटा शाखा कार्यालय र एक एक्स्टेन्सन काउन्टर तथा हाल निर्माणधिन अवस्थामा रहेका शाखा कार्यालयहरु समेत सञ्चालनमा आइसक्दा विकास बैंकको सेवा ३७ जिल्लामा विस्तार हुनेछ भने शाखाहरुको संख्या ११८ र एक्स्टेन्सन काउन्टरको संख्या २ हुनेछ ।

गरिमा विकास बैंक लिमिटेडमा सहारा विकास बैंक लिमिटेड प्राप्ति पश्चात गरिमा विकास बैंक लिमिटेडको साविक जारी तथा चुक्ता पुंजी रु ३,६७,५९,१२,५०१।०८ (अक्षरेपी तीन अर्व सतसट्ठी करोड उनान्साठी लाख बाह्र हजार पाँच सय एक र पैसा आठ मात्र) मा सहारा विकास बैंक लिमिटेडको जारी तथा चुक्ता पुंजी रु. २७,२२,७०,६०४।- (अक्षरेपी सत्ताइस करोड बाइस लाख सत्तरी हजार छ सय चार मात्र) थप हुँदा गरिमा विकास बैंक लिमिटेडको जारी पुँजी र चुक्ता पुँजी रु ३,९४,८१,८३,१०५।०८ (अक्षरेपी तीन अर्व चौरानब्बे करोड एकासी लाख त्रियासी हजार एक सय त्रियासी र आठ पैसा मात्र) कायम हुन जान्छ ।

विकास बैंकको मिति २०७७ माघ ३० गते सम्पन्न चौधौं वार्षिक साधारण सभामार्फत आदरणीय शेयरधनी महानुभावहरुबाट प्रस्तुत सुझाव तथा आशयको उच्च सम्मान गर्दै गरिमा विकास बैंक लिमिटेडको गरिमालाई थप अभिवृद्धि गर्न तुलनात्मक रुपमा वित्तीय पहुँच कम भएको तथा देशको जनसंख्याको ठुलो हिस्सा रहेको प्रदेश नम्बर २ को मुटु मानिने सर्लाही जिल्लालाई कार्यक्षेत्र बनाएको सहारा विकास बैंक गरिमा विकास बैंकमा प्राप्ति गर्ने प्रक्रियालाई अन्तिम रुप दिनका लागि यो विशेष साधारण सभा बोलाइएको छ । यो प्राप्ति प्रक्रिया सम्पन्न हुँदा स्वभाविक रुपमा गरिमा विकास बैंकले प्रदेश नम्बर २ मा आफ्नो व्यवसायिक उपस्थितिलाई थप मजवुत बनाउन सक्छ भन्ने विश्वास लिएका छौं । साथै सहारा विकास बैंकको हालको संरचना तथा सेवाग्राहीहरु एकै पटकमा देशको बैकिङ क्षेत्रको मुलप्रवाहमा प्रवेश गर्ने भएकोले यो प्राप्ति गर्ने र हुने विषयले देशकै बैकिङ क्षेत्रको सुदृढताको लागि नेपाल राष्ट्र बैंकले लिएको नीतिको कार्यान्वयनमा गरिमा तथा सहाराको योगदानको रुपमा समेत महत्वपुर्ण हुनेछ भन्ने विश्वास लिएका छौं । सहारा विकास बैंक, गरिमा विकास बैंकमा प्राप्ति हुँदा हाल गरिमा विकास बैंकले प्रदेश नम्बर २ अन्तर्गत बारा, पर्सा, रौतहट र धनुषा जिल्लाहरुमा सञ्चालनमा ल्याएका ५ शाखा कार्यालय, सर्लाही जिल्लामा हाल सहारा विकास बैंकका केन्द्रीय, शाखा र एक्स्टेन्सन समेत जम्मा ५ कार्यालयहरु समेत प्रदेश नम्बर २ मा १० कार्यालयहरु पुग्नेछन् भने प्राप्ति प्रक्रिया पश्चात अन्य जिल्लाहरुमा समेत शाखा कार्यालय विस्तार गर्ने कार्यलाई अभियानको रुपमा अगाडि बढाइनेछ । यसका लागि

आवश्यक पुँजीको लागि नेपाल राष्ट्र बैंकबाट हकप्रद शेयर निष्काशनको अनुमति पाइनेछ भन्ने विश्वास लिएको छु । आगामी दिनमा सहारा विकास बैंक गरिमा विकास बैंकमा प्राप्ति हुँदा दुवै विकास बैंकहरुका शेयरधनी महानुभावहरु, कर्मचारीहरु, सेवाग्राहीहरु तथा वित्तीय क्षेत्रसंग सरोकार राख्ने सम्पुर्ण पक्षहरुलाई भविश्यमा अझ प्रभावकारी परिणामहरु प्रस्तुत गर्न सकिन्छ भन्ने महशुस गरी गरिमा विकास बैंक लिमिटेड सर्लाही जिल्ला मलंगवा नगरपालिका वडा नं. ९ मा केन्द्रीय कार्यालय रहेको सहारा विकास बैंक लिमिटेडलाई प्राप्ति प्रक्रिया अगाडि बढाइएको ब्यहोरा यस सम्मानित सभा समक्ष जानकारी गराउन चाहन्छु ।

सहारा विकास बैंक लिमिटेड नेपाल राष्ट्र बैंकबाट १ जिल्लास्तर (सर्लाही) को कार्यक्षेत्रमा “ख” वर्गको बैंकिग कारोबार गर्न इजाजतपत्रप्राप्त विकास बैंक हो । हाल सहारा विकास बैंक लिमिटेडले स्वीकृत कार्यक्षेत्रभित्र सर्लाही जिल्लामा केन्द्रीय कार्यालयसहित चार वटा शाखा कार्यालयहरु र एक वटा एक्स्टेन्सन काउन्टरबाट वित्तीय सेवा प्रवाह गर्दै आइरहेको छ । सहारा विकास बैंक लिमिटेड गरिमा विकास बैंक लिमिटेडमा प्राप्ति हुने प्रक्रिया अन्तर्गत मिति २०७७ असोज १६ गते प्राप्ति गर्ने तथा हुने सहमतिपत्र (Memorendum of Understanding) मा हस्ताक्षर सम्पन्न भयो । सोही दिन संयुक्त प्राप्ति समिति गठन भई प्राप्ति सम्बन्धि थप प्रक्रिया अगाडि बढेको सन्दर्भमा नेपाल राष्ट्र बैंकबाट मिति २०७८ वैशाख १५ गते सैद्धान्तिक सहमति प्राप्त भयो । उक्त सैद्धान्तिक सहमति प्राप्ति पश्चात गरिमा विकास बैंक लिमिटेडमा सहारा विकास बैंक लिमिटेड प्राप्ति हुने सम्बन्धि अन्तिम सम्झौतापत्रमा हस्ताक्षर समेत सम्पन्न भइसकेको छ ।

गरिमा विकास बैंक लिमिटेडमा सहारा विकास बैंक लिमिटेड प्राप्ति गर्नुको मुल लक्ष गरिमा विकास बैंकमा सहारा विकास बैंक प्राप्ति भएर बन्ने संस्था राष्ट्रिय स्तरको “ख” वर्गको विकास बैंकको रुपमा गरिमा विकास बैंक थप सबल र सक्षम विकास बैंक हुनु हो । यि दुई संस्थाहरु एकापसमा प्राप्ति गर्दा/हुँदा विकास बैंकका शेयरधनी, सेवाग्राही, कर्मचारी लगायतका सरोकारवालाहरुमा सन्तुष्टिको गुणात्मक अभिवृद्धि हुन गई संस्थाको ब्यवसायिक आकारका अतिरिक्त संस्थाप्रतिको विश्वास र आस्था समेत वृद्धि हुन जाने विश्वास लिइएको छ, जसका कारण समाजमा बैंकिङ क्षेत्रप्रतिको जनविश्वास अझ दरिलो बन्दै जानेछ । गरिमा विकास बैंकमा सहारा विकास बैंक प्राप्ति भएपश्चात थप सबल र सक्षम हुने अपेक्षा गरिएको विकास बैंकले स्वभाविक रुपमा संस्थागत सुशासनलाई थप प्रत्याभुत गराउँदै अझ गुणास्तरीय सेवा प्रवाह गरी सन्तुष्ट सेवाग्राहीहरुको मन जितेर निक्षेपकर्ता तथा लगानीकर्ताहरुको निक्षेप तथा लगानीलाई थप सुरक्षित र लाभदायक बनाउन सक्ने विश्वास लिइएको छ । गरिमा विकास बैंक लिमिटेडमा सहारा वकास बैंक लिमिटेड प्राप्ति पश्चातको संस्थाको प्रतिस्पर्धात्मक क्षमतामा अभिवृद्धि भई संस्थाको समग्र विकास र विस्तार हुने कुरामा पुर्ण विश्वस्त रहेको छु ।

गरिमा विकास बैंकले संस्थापनाको प्रारम्भदेखि नै आफ्नो सेवा संचालन र प्रवाहको उद्गम र लक्षको रुपमा गाउँदेखि शहर सम्म, हिमाल देखि तराई सम्म र मेची देखि महाकाली सम्म भन्ने भावनालाई प्रस्तुत गर्दै आइरहेको छ। यसै क्रममा स्याङजा जिल्लाको वालिङमा वि.सं २०६४ मा संस्थापना भई वि.सं. २०६७ मा गण्डकीको केन्द्रविन्दु पोखरामा केन्द्रीय कार्यालय स्थानान्तरण गरेको गरिमा विकास बैंकमा वि.सं. २०७२ मा हिमाली जिल्ला म्याग्दीमा रहेको निलगिरि विकास बैंक गाभिएपश्चात राष्ट्रियस्तरको विकास बैंक बन्ने अवसर प्राप्त भएको

थियो भने वि.सं. २०७३ मा देशकै करिव मध्यभागमा रहेको चितवन जिल्लाको नारायणगढमा रहेको शुभेच्छा विकास बैंक गाभिएपश्चात विकास बैंकको केन्द्रीय कार्यालय, लाजिम्पाट, काठमाण्डौमा स्थानान्तरण गरिएको थियो । गरिमा विकास बैंक लिमिटेडको संस्थापनादेखिको हिमाल देखि तराई सम्म भन्ने मुल भावनालाई पुर्णता प्राप्त हुने गरी हाल देशको तराई भुभागमा जन्मे हुर्केको सहारा विकास बैंक प्राप्तिको अन्तिम प्रक्रियामा आइपुगेकोमा गौरवको महशुष भएको छ । प्राचीन तथा सांस्कृतिक पहिचान बोकेको मिथिला क्षेत्रको पवित्रताले गरिमा विकास बैंक लिमिटेडको गरिमालाई थप उचाईमा पुऱ्याउने असिम विश्वास सहित यस पुनित अवसरमा संस्थाको मुल भावनाको अवधारणा स्थापित गर्न योगदान गर्नुहुने गरिमा विकास बैंक लिमिटेडका संस्थापक अध्यक्ष श्री जलेश्वर पाण्डेज्यु, प्रथम संचालक तथा पुर्व अध्यक्ष श्री दिलिपप्रताप खाँडज्यु र निवर्तमान अध्यक्ष श्री चन्द्रकान्त बरालज्युप्रति असिम श्रद्धा सहित सम्मान ब्यक्त गर्न चाहन्छु । गरिमा विकास बैंकको मुल प्रवाहमार्फत देशको बैकिङ प्रणालीमा योगदान पुऱ्याउनुहुने साविक निलगिरि विकास बैंकका संस्थापक अध्यक्ष तथा गरिमा विकास बैंक लिमिटेडका पुर्व सञ्चालक श्री हरिकुमार श्रेष्ठज्यु तथा साविक शुभेच्छा विकास बैंक लिमिटेडका संस्थापक अध्यक्ष, गरिमा विकास बैंक लिमिटेडका सञ्चालक तथा यस संयुक्त प्राप्ति समितिका संयोजक डा. आनन्दप्रसाद श्रेष्ठज्युहरु प्रति समेत म यस विशेष परिस्थितिमा संचालक समितिको तर्फबाट हृदयदेखि नै विशेष सम्मान ब्यक्त गर्न चाहन्छु । गरिमा विकास बैंकको मुल प्रवाहमा समाहित हुन आइपुगेको सहारा विकास बैंक प्राप्ति सम्बन्धि विशेष प्रस्तावहरु पारित गर्ने मुल अभिप्रायले हुन गईरहेको विशेष साधारण सभाको सन्दर्भमा गरिमा विकास बैंकको विगतको वातारण समेतको विश्लेषण गर्दा गरिमा विकास बैंक लिमिटेडमा सहारा विकास बैंक लिमिटेड प्राप्ति भई गरिमा विकास बैंकको नाउँबाट वित्तीय सेवा प्रवाह गर्नु मुलुकको वर्तमान बैकिङ परिदृश्यमा थप औचित्यपूर्ण हुन्छ भन्ने महशुस गरिएको छ ।

यसैबिच गरिमा विकास बैंक लिमिटेडमा सहारा विकास बैंक लिमिटेड प्राप्ति हुने सम्बन्धमा सम्पन्न सम्झौता बमोजिम गरिमा विकास बैंक लिमिटेडमा सहारा विकास बैंक लिमिटेड प्राप्ति हुने कार्य सम्पन्न भई राष्ट्रियस्तरको सशक्त विकास बैंकको रुपमा स्थापित हुँदा, सो पश्चात बन्ने विकास बैंकको नाम नेपालीमा "गरिमा विकास बैंक लिमिटेड" र अंग्रेजीमा "Garima Bikas Bank Limited" राख्न, विकास बैंकको लोगो तथा स्लोगान समेत हाल गरिमा विकास बैंक लिमिटेडले प्रयोग गरिरहेको लोगो तथा स्लोगानलाई यथावत प्रयोग गर्न र प्राप्ति गर्ने/हुने कार्य सकिएपछि बन्ने विकास बैंकमा प्राप्ति भएकै कारण हाल सहारा विकास बैंक लिमिटेडका संचालक/शेयरधनीले गरिमा विकास बैंक लिमिटेडमा संचालक दावी नगर्ने सहमति भएको ब्यहोरा समेत यस सम्मानित सभामा जानकारीका लागि अनुरोध गर्दछु ।

प्राप्ति गर्ने/हुने सम्बन्धि कार्यलाई उदाहरणीय एवं नमूनाको रुपमा प्रस्तुत गर्ने अभिप्रायले आवश्यक विविध विषयहरुमा सहमति तथा सम्झौतापत्रहरुमा समावेश गर्ने प्रयत्न गरेका छौं । गाभ्ने/गाभिने वा प्राप्ति गर्ने/हुने कार्य वित्तीय तथा प्राविधिक समायोजन मात्र नभई फरक फरक भौगोलिक एवं सामाजिक धरातलमा संस्थापित एवं विकसित संस्थाहरुको भावनात्मक एकिकरण समेत हो । अतः यस सम्बेदनशील एवं ऐतिहासिक क्षणमा दुवै विकास बैंकका संस्थापक तथा सर्वसाधारण शेयरधनी, संचालक, कर्मचारी, सेवाग्राही तथा शुभचिन्तक महानुभावहरुमा हार्दिक कृतज्ञता प्रकट गर्दै एउटै भावना, एउटै लक्ष र एउटै धारणा बनाउँदै यस विकास

बैंकलाई भविश्यमा देशकै सशक्त वित्तीय सेवा प्रदायक संस्थाको रुपमा स्थापित गर्ने अभियानमा सहभागी हुन आग्रह तथा आव्हान समेत गर्न चाहन्छु । विगतका वार्षिक तथा विशेष साधारण सभाहरुमा समेत हामीले पटक पटक यस विकास बैंकलाई देशकै प्रभावकारी वित्तीय संस्थाको रुपमा निरन्तर विस्तार र विकास गर्दै लैजाने प्रतिवद्धता ब्यक्त गर्दै आइरहेका छौं । यस अवधिमा देशको आर्थिक सामाजिक परिदृश्य, कानूनी व्यवस्थाहरु तथा व्यवसायिक वातावरणमा ठूला ठूला परिवर्तनहरु भइसकेका र हुने क्रममा छन् तर यस विकास बैंकलाई हामीले पुऱ्याउन चाहेको लक्ष्य र सो लक्ष्य हासिल गर्ने हाम्रो इच्छाशक्तिमा कुनै परिवर्तन आएको छैन । त्यसैले पुनः गरिमा विकास बैंक लिमिटेडलाई यथासक्य गरिमा बैंक बनाउने अभियानलाई अटुट साथ दिन सम्पुर्ण संस्थापक तथा सर्वसाधारण शेयरधनी महानुभावहरु, कर्मचारीहरु, सेवाग्राहीहरु तथा शुभचिन्तकहरुमा हार्दिक आव्हान गर्दछु । मिति २०७७ माघ ३० गते सम्पन्न विकास बैंकको चौधौं वार्षिक साधारण सभाबाट मर्चेण्ट बैकिङ सेवा प्रवाह गर्ने सहायक कम्पनी सस्थापना गर्ने अवधारण सहित विकास बैंकको प्रवन्धपत्रमा उद्धेश्य थप भएकोमा विकास बैंकले केसिएल एस्ट्यूट क्यापिटल लिमिटेडमा ५१।२० प्रतिशत शेयर लगानी गरी विकास बैंकको सहायक कम्पनीको रुपमा गरिमा क्यापिटलको नामबाट सञ्चालन गर्न लागिएको छ भने रु. १ अर्व बराबरको ऋणपत्र नेपाल धितोपत्र बोर्डमा स्वीकृतिको प्रक्रियामा रहेको ब्यहोरा यस सम्मानित सभामा जानकारी गराउन चाहन्छु । यसबाट विकास बैंकको लगानी क्षमता अभिवृद्धि हुनुका साथै लगानी विविधिकरण समेत हुँदै जाने विश्वास लिइएको छ ।

**प्राप्ति गर्ने, प्राप्ति हुने र प्राप्ति भएर बन्ने विकास बैंकको वित्तीय अवस्था :**

प्राप्ति हुने लक्षित संस्था सहारा विकास बैंक लिमिटेडको सम्पत्ति तथा दायित्वको मुल्याँकन (डीडीए) ०७७ चैत्र मसान्तको वित्तीय विवरणको आधारमा सम्पन्न भई शेयर स्वाप रेसियो निर्धारण गरिएको भएतापनि हाल २०७८ असार मसान्तको अपरिष्कृत वित्तीय विवरण प्रकाशित भइसकेको हुँदा सोही आधारमा दुवै विकास बैंकको वित्तीय अवस्था देहाय बमोजिम उल्लेख गरिएको छ ।

## २०७८ असार मसान्त सम्मको वित्तिय विवरण :

| विवरण | गरिमा | सहारा | जम्मा |
|---|---|---|---|
| **सम्पत्ति** | | | |
| नगद तथा नगद समान | ५,६४६,८०२,५६५।३३ | २८,५०८,५१३।०० | ५,६७५,३११,०७८।३३ |
| नेपाल राष्ट्र बैंकमा रहेको मौज्दात | २,१५४,४२६,९९८।३९ | ५४,४३२,५८३।०० | २,२०८,८५९,५८१।३९ |
| बैंक तथा वित्तीय संस्थामा रहेको मौज्दात | | ४१६,६९९,७४३।०० | ४१६,६९९,७४३।०० |
| व्युत्पन्न वित्तीय उपकरण | | | |

| विवरण | गरिमा | सहारा | जम्मा |
|---|---|---|---|
| अन्य व्यापारिक सम्पत्तिहरु | | | |
| बैंक तथा वित्तीय संस्थालाई कर्जा तथा सापट | १,९८०,४३२,८४५।३८ | | १,९८०,४३२,८४५।३८ |
| ग्राहकलाई कर्जा सापटी | ५१,८०५,५३९,९१३।५८ | ९७२,०८५,४९१।०० | ५२,७७७,६२५,४०४।५८ |
| सुरक्षणपत्रमा लगानी | १०,६९२,३१८,१४६।९६ | | १०,६९२,३१८,१४६।९६ |
| चालु आ.व. को कर सम्पत्ति | ७,७३३,४४१।४४ | | ७,७३३,४४१।४४ |
| सहायक कम्पनीमा लगानी | | | |
| सम्बद्ध कम्पनीमा लगानी | ३,५२५,४८९।०४ | | ३,५२५,४८९।०४ |
| सम्पत्तिमा लगानी | ३२,११४,८००।०० | | ३२,११४,८००।०० |
| सम्पत्ति तथा उपकरण | ४१५,०३७,९१५।३२ | १५,८६४,७१४।०० | ४३०,९०२,६२९।३२ |
| ख्याति तथा अमुर्त सम्पत्ति | ७,९८४,०५७।८६ | ६०२,०७१।०० | ८,५८६,१२८।८६ |
| स्थगन कर सम्पत्ति | १३,५७६,५५९।९१ | | १३,५७६,५५९।९१ |
| अन्य सम्पत्तिहरु | १३५,९९३,१७०।७५ | ९१,४१२,४८३।०० | २२७,४०५,६५३।७५ |
| **जम्मा सम्पत्तिहरु** | ७२,८९५,४८५,९०३।९६ | १,५७९,६०५,५९८।०० | ७४,४७५,०९१,५०१।९६ |
| बैंक तथा वित्तिय संस्थालाई तिर्न बाँकी | २,३०९,७०७,२००।५४ | | २,३०९,७०७,२००।५४ |
| नेपाल राष्ट्र बैंकलाई तिर्न बाँकी | ६३१,५१६,४०८।०० | | ६३१,५१६,४०८।०० |
| व्युत्पन्न वित्तीय उपकरण | ( | | |
| ग्राहकबाट निक्षेप | ६३,९०२,०८७,१९९।६७ | १,१००,९४२,६४१।०० | ६५,००३,०२९,८४०।६७ |
| तिर्न बाँकी सापटी | | | |
| यस आ.व. को कर दायित्व | | ६६६,४६१।०० | ६६६,४६१।०० |
| व्यवस्थाहरु | | ५८,१६५,२८४।०० | ५८,१६५,२८४।०० |
| स्थगन कर दायित्व | | | |
| अन्य दायित्वहरु | ७५८,३८८,३२३।३१ | १२,१२०,५०९।०० | ७७०,५०८,८३२।३१ |
| जारी गरिएको ऋण पत्र | | | |
| सुरक्षण नराखिएको सहायक आवधिक दायित्व | | | |
| **जम्मा दायित्वहरु** | ६७,६०१,६९९,१३१।५२ | १,१७१,८९४,८९५।०० | ६८,७७३,५९४,०२६।५२ |

| विवरण | गरिमा | सहारा | जम्मा |
|---|---|---|---|
| **इक्विटी** | | | |
| सेयर पूँजी | ३,६७५,९१२,५०१।०८ | २७२,२७०,६०४।०० | ३,९४८,१८३,१०५।०८ |
| सेयर प्रिमियम | ९७,०६८।१८ | ६,६६८,२५२।०० | ६,७६५,३२०।१८ |
| संचित मुनाफा | ६१५,७८३,१०२।७१ | ६४,३८६,७३४।०० | ६८०,१६९,८३६।७१ |
| जगेडा कोष | १,००१,९९४,१००।४७ | ६४,३८५,११३।०० | १,०६६,३७९,२१३।४७ |
| **शेयर धनीहरुलाई बाँडफाँड योग्य पूँजी** | ५,२९३,७८६,७७२।४४ | ४०७,७१०,७०३।०० | ५,७०१,४९७,४७५।४४ |
| **गैर नियन्त्रण स्वार्थ** | | | |
| **जम्मा पूँजी** | ५,२९३,७८६,७७२।४४ | ४०७,७१०,७०३।०० | ५,७०१,४९७,४७५।४४ |
| **कुल दायित्व तथा पूँजी** | ७२,८९५,४८५,९०३।९६ | १,५७९,६०५,५९८।०० | ७४,४७५,०९१,५०१।९६ |

**प्रमूख वित्तिय सूचाङ्कहरुः**

| विवरण | गरिमा | साहारा |
|---|---|---|
| पूँजीकोष प्रर्याप्तता | ११.४२% | ४१.८०% |
| निश्कृय कर्जा अनूपात | ०.७२% | १.८०% |
| कोष लागत | ६.१७% | ५.३६% |
| कर्जा/निक्षेप प्राथामिक पूँजी अनूपात | ७६.३०% | ६५.२३% |
| आधार दर | ८.१७% | ९.६६% |
| ब्याजदर अन्तर | ४.५०% | ८.७६% |
| प्रतिशेयर आम्दानी | २२.४५ | ६.९६ |
| प्रतिशेयर नेटवर्थ | १४४.०१ | १४२.७८ |
| तरलता अनूपात | २६.४६% | ३३.९३% |

**आदरणीय शेयरधनी महानुभावहरु,**

संयुक्त प्राप्ति समितिद्धारा नियुक्त डीडीए मुल्याँकनकर्ता आभास एण्ड एसोसिएट्स, सि.ए. आभास गौतम, पुतलीसडक, काठमाण्डौद्धारा लक्षित संस्था सहारा विकास बैंक लिमिटेडको डीडीए सम्पन्न गरी पेश हुन आएको डीडीए प्रतिवेदन बमोजिम सहारा विकास बैंक लिमिटेडको आधार नेटवर्थ रु. ३४१।४४ र सहारा विकास बैंक लिमिटेडको आधार नेटवर्थ रु. ३३०।२३ भई शेयर आदान प्रदान अनुपात (स्वाप रेसियो) निर्धारण प्रयोजनका

लागि विश्लेषण गर्दा गरिमा विकास बैंक लिमिटेडको प्रति शेयर नेटवर्थ रु. १०० कायम गर्दा सोही अनुपातमा सहारा विकास बैंक लिमिटेडको प्रति शेयर नेटवर्थ रु. ९६।७२ कायम भई गरिमा विकास बैंक लिमिटेडको प्रति शेयर नेटवर्थसंग सहारा विकास बैंक लिमिटेडको प्रति शेयर नेटवर्थ तुलना गर्दा जम्मा ३।२८ प्रतिशतले मात्र कम भएको सन्दर्भमा "बैंक तथा वित्तीय संस्था एक आसमा गाभ्ने गाभिने (मर्जर) तथा प्राप्ति (एक्विजिसन) सम्बन्धि विनियमावली, २०७३" को विनियम ९ मा भएको व्यवस्था समेतको आधारमा दुई विकास बैंक एक आपसमा प्राप्ति गर्ने/हुने कार्य पुरा गरी सशक्त विकास बैंकको रुपमा स्थापित हुने भएकोले एक आपसमा प्राप्ति गर्ने/हुने कार्यले संस्थाको समग्र वृद्धि र विकासमा सकारात्मक योगदान पुऱ्याउने हुँदा प्राप्ति गर्ने/हुने प्रयोजनका लागि प्राप्ति गर्ने/हुने विकास बैंकहरुको शेयर आदान प्रदान अनुपात (SWAP Ratio) १:१ (एक बराबर एक शेयर) कायम गरी प्राप्ति गर्ने संस्था गरिमा विकास बैंक लिमिटेड र प्राप्ति हुने संस्था सहारा विकास बैंक लिमिटेडका साविक शेयरधनीहरुलाई साविक विकास बैंकमा निज शेयरधनीहरुको नाउँमा जुन जुन समूहको जे जति कित्ता शेयर रहेको छ, प्राप्ति पश्चात बन्ने विकास बैंकको रु. १००।०० अंकित दरका सोही समूहका सोही कित्ता बराबर शेयर कायम रहने सम्बन्धमा संयुक्त प्राप्ति समितिबाट भएको निर्णय दुवै विकास बैंकका सञ्चालक समितिबाट अनुमोदन समेत भइसकेको छ भने यस सम्मानित सभा समक्ष शेयर आदान प्रदान अनुपात (SWAP Ratio) १:१ (एक बराबर एक शेयर) कायम गर्ने प्रस्ताव गरेको ब्यहोरा अनुरोध गर्दछु। त्यस्तै गरी प्रचलित कानूनी ब्यवस्थाहरुको प्रतिकूल नहुने गरी दुवै विकास बैंकहरुको २०७८ साल आषाढ मसान्तको आधारमा लेखापरीक्षकद्धारा प्रमाणित वित्तीय विवरणहरुलाई एकिकृत गरी सोही आधारमा दुवै विकास बैंकहरुको मुनाफालाई एउटै मानी दुवै विकास बैंकहरुका शेयरधनीहरुलाई एउटै विकास बैंकको शेयरधनीको रुपमा लाभांश प्रदान गर्ने गरी प्राप्ति गर्ने/हुने कार्य सम्पन्न भएपश्चात मात्र विकास बैंकको आगामी वार्षिक साधारण सभा बोलाउने गरी प्राप्ति गर्ने/हुने सम्झौता भएको ब्यहोरा समेत यस सभा समक्ष जानकारी गराउन चाहन्छु। साथै शेयर आदान प्रदान आदान प्रदान अनुपात (SWAP Ratio) १:१ (एक बराबर एक) कायम गर्नुका साथै प्राप्ति सम्बन्धि कार्य २०७८ असोज मसान्तभित्रै पूरा गर्ने लक्ष लिइएको ब्यहोरा समेत यस सम्मानित सभा समक्ष जानकारी गराउन चाहन्छु। साथै शेयर आदान प्रदान अनुपात स्वीकृत गरिदिनुहुन यस सभा समक्ष अनुरोध गर्दछु।

अन्त्यमा, गरिमा विकास बैंक लिमिटेडमा सहारा विकास बैंक लिमिटेड प्राप्ति हुँदा विकास बैंकका शेयरधनी, सेवाग्राही, कर्मचारी लगायतका सरोकारवालाहरुमा सन्तुष्टिको गुणात्मक अभिवृद्धि हुन गई संस्थाको ब्यवसायिक आकारका अतिरिक्त संस्थाप्रतिको विश्वास र आस्था समेत वृद्धि हुन जाने विश्वास लिइएको छ, जसका कारण समाजमा बैंकिङ क्षेत्रप्रतिको जनविश्वास अझ दरिलो बन्दै जानेछ। सहारा विकास बैंक प्राप्ति पश्चात गरिमा विकास बैंकले स्वभाविक रुपमा हालको सहारा विकास बैंकको केन्द्रीय कार्यालय तथा शाखा कार्यालयहरु गरिमा विकास बैंक लिमिटेडका शाखा कार्यालयको रुपमा संचालन हुने भएकोले उक्त शाखा कार्यालयहरुमा संस्थागत सुशासनलाई थप प्रत्याभुत गराउँदै अझ गुणस्तरीय सेवा प्रवाह गरी सेवाग्राहीहरुको मन जितेर निक्षेप तथा लगानीलाई वृद्धि गर्दै थप सुरक्षित र लाभदायक बनाउन सक्ने विश्वास लिइएको छ। साथै यस सम्मानित सभा समक्ष प्रस्तुत सहारा विकास बैंकलाई गरिमा विकास बैंकमा प्राप्ति गर्ने बाहेकका विशेष प्रस्तावहरु समेत पारित गरिदिनुहुन यस सभा समक्ष हार्दिक अनुरोध गर्दछु।

## कृतज्ञता ज्ञापन

गरिमा विकास बैंक लिमिटेडमा सहारा विकास बैंक लिमिटेड प्राप्ति हुन लागेको यस ऐतिहासिक क्षणमा हामीलाई विश्वास गर्ने सम्पुर्ण निक्षेपकर्ता, सेवाग्राही, सुभेच्छुक, सहयोगी, संस्थापक तथा सर्वसाधरण शेयर धनी महानुभावहरु तथा बैंकको ब्यवस्थापनमा लगनशील भई योगदान पुऱ्याउनु हुने उच्च ब्यवस्थापन लगायत सम्पूर्ण कर्मचारीहरु प्रति हार्दिक आभार व्यक्त गर्दछु । साथै नियमनकारी संस्थाहरु नेपाल राष्ट्र बैंक, नेपाल सरकारका विभिन्न निकायहरु, कम्पनी रजिष्ट्रारको कार्यालय, नेपाल धितोपत्र बोर्ड, नेपाल स्टक एक्सचेञ्ज लिमिटेड लगायतका सम्पुर्ण निकायहरुलाई समय समयमा विभिन्न रचनात्मक सुझाव प्रदान गरी सहयोग पुऱ्याउनुभएकोमा आगामी दिनहरुमा पनि यस्तै सहयोगको अपेक्षा राख्दै हार्दिक कृतज्ञता ब्यक्त गर्दछु। साथै शेयर दाखिल खारेज सम्बन्धी सम्पूर्ण जिम्मेवारी प्रभावकारी रुपमा बहन गरी यस बैंकप्रति शेयरधनी महानुभावहरुको विश्वास अभिवृद्धि गराउन महत्वपूर्ण भुमिका खेलेकोमा एनआइबिएल एस क्यापिटल लिमिटेडलाई विशेष धन्यवाद प्रकट गर्न चाहन्छु । अन्त्यमा बैंकिङ ब्यवसायलाई नागरिक समाजसंग सुसूचित गर्ने संचार क्षेत्र तथा मित्रवत् प्रतिस्पर्धा गरिरहेका सम्पूर्ण बैंक तथा वित्तीय संस्थाहरुमा वहांहरुले विगतमा प्रदान गरेका सुझाव तथा सहयोग आगामी दिनमा समेत नियमित रुपमा प्राप्त भइरहने विश्वास ब्यक्त गर्दै सम्पूर्ण सहयोगी हातप्रति पुनः हार्दिक कृतज्ञता ब्यक्त गर्दछु ।

धन्यवाद
**श्यामप्रसाद बस्याल**
अध्यक्ष

# संशोधित तथा थप प्रवन्ध पत्रको तीन महले विवरण

| दफा नं. | साविकको व्यवस्था | संशोधित व्यवस्था | संशोधन गर्नु परेको कारण |
|---|---|---|---|
| ४ (ज्ञ)<br>(ज) | नभएको | सामुहिक लगानी कोष (म्युचुअल फण्ड) स्थापना गरी कोष प्रवर्द्धकको रुपमा कार्य गर्ने | हाल गरिमा विकस बैंक लिमिटेडले मर्चेण्ड बैंकिङ सम्बन्धि कार्य गर्ने सहायक कम्पनी प्राप्तिको प्रक्रिया अन्तिम चरणमा पुगिसकेको सन्दर्भमा सामुहिक लगानी कोष (म्युचुअल फण्ड) स्थापना गरी कोष प्रवर्द्धकको रुपमा कार्य गर्न उपयुक्त देखिएकोले |
| ५ (ख) | विकास बैंकको जारी पूँजी रु. ३,६७,५९,१२,५०१।०८ (अक्षरेपी तीन अर्व सतसट्ठी करोड उनान्साठी लाख बाह्र हजार पाँच सय एक र पैसा आठ मात्र) हुनेछ । जसलाई प्रति शेयर रु. १००/- का दरले ३,६७,५९,१२५।०१ (तीन करोड सतसट्ठी लाख उनान्साठी हजार एक सय पच्चीस दशमलव एक मात्र) थान साधारण शेयरमा विभा( जन गरिएको छ । | विकास बैंकको जारी पूँजी रु. ३,९४,८१,८३,१०५।०८ (अक्षरेपी तीन अर्व चौरानब्बे करोड एकासी लाख त्रियासी हजार एक सय त्रियासी र आठ पैसा मात्र) हुनेछ । जसलाई प्रति शेयर रु. १००/- का दरले ३,९४,८१,८३१।०५ (तीन करोड चैँरानब्बे लाख एकासी हजार आठ सय एकतीस दशमलव पाँच मात्र) थान साधारण शेयरमा विभाजन गरिएको छ । | गरिमा विकास बैंक लिमिटेडमा सहारा विकास बैंक लिमिटेड प्राप्ति पश्चात गरिमा विकास बैंक लिमिटेडको जारी तथा चुक्ता पूँजी बृद्धि हुने भएकाले । |
| ५ (ग) | विकास बैंकको चुक्ता पूँजी रु. ३,६७,५९,१२,५०१।०८ (अक्षरेपी तीन अर्व सतसट्ठी करोड उनान्साठी लाख बाह्र हजार पाँच सय एक र पैसा आठ मात्र) हुनेछ । जसलाई प्रति शेयर रु. १००/- का दरले ३,६७,५९,१२५।०१ (तीन करोड सतसट्ठी लाख उनान्साठी हजार एक सय पच्चीस दशमलव एक मात्र) थान साधारण शेयरमा विभाजन गरिएको छ । | विकास बैंकको चुक्ता पूँजी रु. ३,९४,८१,८३,१०५।०८ (अक्षरेपी तीन अर्व चौरानब्बे करोड एकासी लाख त्रियासी हजार एक सय त्रियासी र आठ पैसा मात्र) हुनेछ। जसलाई प्रति शेयर रु. १००/- का दरले ३,९४,८१,८३१।०५ (तीन करोड चैँरानब्बे लाख एकासी हजार आठ सय एकतीस दशमलव पाँच मात्र) थान साधारण शेयरमा विभाजन गरिएको छ । | |

# संशोधित तथा थप नियमावलीको तीन महले विवरण

| नियम नं. | साविकको व्यवस्था | संशोधित व्यवस्था | संशोधन गर्नु परेको कारण |
|---|---|---|---|
| २९ (१) (ग) | विकास बैंकको कामको शिलशिलामा अध्यक्ष र सञ्चालकलाई प्रदान गरिने दैनिक भ्रमण भत्ता देहाय बमोजिम हुनेछ :-<br><br>(अ) दैनिक भत्ता स्वदेशमा रु. ५,०००।- भारतमा भा.रु. ५,०००।- र नेपाल र भारत बाहेक अन्य मुलुकमा अमेरिकी डलर १५०।- तथा परिवहन खर्च, हवाई टिकट र भिषा शुल्क वास्तविक बील बमोजिम हुनेछ । | विकास बैंकको कामको शिलशिलामा अध्यक्ष र सञ्चालकलाई प्रदान गरिने दैनिक भ्रमण भत्ता देहाय बमोजिम हुनेछ :-<br><br>(अ) दैनिक भत्ता स्वदेशमा रु. ८,०००।- भारतमा भा.रु. ८,०००।- र नेपाल र भारत बाहेक अन्य मुलुकमा अमेरिकी डलर २००।- तथा परिवहन खर्च, हवाई टिकट, होटलको लजिङ खर्च र भिषा शुल्क वास्तविक बील बमोजिम हुनेछ । | समय सापेक्ष हुने गरी संशोधन गर्नुपर्ने भएकोले । |
| २९ (१) (घ) | संचालक समितिको अध्यक्ष र सदस्यलाई टेलिफोन तथा पत्रपत्रिका खर्च बापत मासिक रु. २,५००।- (अक्षरेपी दुई हजार पाँच सय मात्र) प्रदान गरिनेछ । | संचालक समितिको अध्यक्ष र सदस्यलाई टेलिफोन, पत्रपत्रिका र इन्टरनेट खर्च बापत मासिक रु. ५,०००।- (अक्षरेपी पाँच हजार मात्र) प्रदान गरिनेछ । | विकास बैंकको १४ औं साधारण सभाबाट सञ्चालक समितिको बैठक भिडियो कन्फ्रेन्स वा त्यस्तै प्रकारको अन्य विद्युतीय प्रविधिको प्रयोग गरेर समेत गर्न सकिनेछ भन्ने ब्यवस्था विकास बैंकको नियमावलीमा ब्यवस्था भएकोले सो को लागि आवश्यक ब्यवस्था गर्न उपयुक्त भएकोले |

## प्रवन्धपत्रको संशोधित अंशः

| | |
|---|---|
| ४ (ज्ञ) (ज) | सामुहिक लगानी कोष (म्युचुअल फण्ड) स्थापना गरी कोष प्रवर्द्धकको रुपमा कार्य गर्ने । |
| ५ (ख) | विकास बैंकको जारी पूँजी रु ३,९४,८१,८३,१०५।०८ (अक्षरेपी तीन अर्व चौरानब्बे करोड एकासी लाख त्रियासी हजार एक सय त्रियासी र आठ पैसा मात्र) हुनेछ । जसलाई प्रति शेयर रु. १००/- का दरले ३,९४,८१,८३१।०५ (तीन करोड चैंरानब्बे लाख एकासी हजार आठ सय एकतीस दशमलव पाँच मात्र) थान साधारण शेयरमा विभाजन गरिएको छ । |
| ५ (ग) | विकास बैंकको चुक्ता पूँजी रु ३,९४,८१,८३,१०५।०८ (अक्षरेपी तीन अर्व चौरानब्बे करोड एकासी लाख त्रियासी हजार एक सय त्रियासी र आठ पैसा मात्र) हुनेछ । जसलाई प्रति शेयर रु. १००/- का दरले ३,९४,८१,८३१।०५ (तीन करोड चैंरानब्बे लाख एकासी हजार आठ सय एकतीस दशमलव पाँच मात्र) थान साधारण शेयरमा विभाजन गरिएको छ । |

## नियमावलीको संशोधित अंशः

| | |
|---|---|
| २९ (१) (ग) | विकास बैंकको कामको शिलशिलामा अध्यक्ष र सञ्चालकलाई प्रदान गरिने दैनिक भ्रमण भत्ता देहाय बमोजिम हुनेछ :-<br><br>(अ) दैनिक भत्ता स्वदेशमा रु. ८,०००।- भारतमा भा.रु. ८,०००।- र नेपाल र भारत बाहेक अन्य मुलुकमा अमेरिकी डलर २००।- तथा परिवहन खर्च, हवाई टिकट, होटलको लजिङ खर्च र भिषा शुल्क वास्तविक बील बमोजिम हुनेछ । |
| २९ (१) (घ) | संचालक समितिको अध्यक्ष र सदस्यलाई टेलिफोन, पत्रपत्रिका र इन्टरनेट खर्च बापत मासिक रु. ५,०००।- (अक्षरेपी पाँच हजार मात्र) प्रदान गरिनेछ । |

# Garima Bikas Bank Limited

## Branch Details

| Branch | Phone No. |
|---|---|
| 071 Chapargaudi, Banke | 081-542084, 85 |
| 072 Surkhet, Surkhet | 083-522125, 26 |
| 073 Hemja, Kaski | 061-400567, 400568 |
| 074 Birgunj, Parsa | 051-520032, 38 |
| 075 Tulsipur, Dang | 082-523489, |
| 076 Milanchowk,Chitwan | 056-416248, 47 |
| 077 Inaruwa, Sunsari | 025-565851, 853 |
| 078 Urlabari, Morang | 021-541214, 54114 |
| 079 Bayatari, syangja | |
| 080 Murgiya, Rupandehi | 071-440303 |
| 081 Dhading Besi, Dhading | 010-52065, 520388 |
| 082 Banepa, Kavre | 011-660083, 84 |
| 083 Hattigauda, Kathmandu | 01-4373326, 4370064 |
| 084 Simara, Bara | 053-520435,36 |
| 085 Talchowk, Kaski | 061-565003, 04 |
| 086 Attariya, kailali | 091-550145 |
| 087 Lamki, Kailai | 091-540571, 72 |
| 088 Dumre,Tanahun | 065-580494, 580495 |

| Branch | Phone No. |
|---|---|
| 089 Jorpati, Kathmandu | 014917648, 49 |
| 090 Lakeside, kaski | 061-590172, 590174 |
| 091 Thamel, Kathmandu | 01-5906391, 92 |
| 092 Gaindakot, Nawalpur | 078-502353, 503138 |
| 093 Kotihawa, Rupandehi | 071-514205, 206 |
| 094 Chandrapur, Rautahat | 055-540385, 84 |
| 095 Bagar, Kaski | 061-590592, 93 |
| 096 Kalaiya, Bara | 053-550025, 26 |
| 097 Janakpur, Dhanusha | 041-590467, 68 |
| 098 Imadol Lalitpur | 015202742, 5202753 |
| 099 Kuleshwor, kathmandu | 01-4280699, 4283899 |
| 100 Dhungedhara, kathmandu | 01-4880136 |
| 101 Satungal, Kathmandu | 01-4316492, 93 |
| 102 Pepsicola, Kathmandu | 01-5908616, 17 |
| 103 Maitidevi, kathmandu | 01-5907433, 34 |
| 104 Gatthaghar, Bhaktpur | 01-6636442, 41 |
| 105 Kohalpur, Banke | 081-542144, 53 |
| 106 Gorkha, Gorkha | 064-420818 |

## Upcoming Branch/Extention Counter Office

| |
|---|
| Jhumka, Sunsari |
| Pathari, Morang |
| Chandragadi, Jhapa |
| Dhankuta, Dhankuta |
| Guleriya, Bardiya |
| Bhurigau, Bardiya |
| Machhapokhari, Kathamandu |
| Satdobato, Lalitpur |
| Mirdi Extention Counter, Waling, Syangja |

# Garima Bikas Bank Limited
## Branch Details

| Branch | Phone No. |
|---|---|
| 999 Head Office Lazimpat | 01-4445424,25,26,27,28, 4426354, 4425054, 4426354, 4425054 |
| 903 Cluster Office Dharan | 025-526818,526584,521782 |
| 901 Cluster Office Pokhara, | 061-528435, 528436 |
| 904 Cluster Office Kathmandu | 01-5529746, 01-5527646 |
| 902 Cluster Office Narayangarh | 056-521734,523071 |
| 905 Cluster Office Kohalpur, Banke | 081542144 /53 |

| Branch | Phone No. |
|---|---|
| 001 Waling Branch, Syangja | 063-440015, 440378 |
| 002 Galyang Branch, Syangja | 063-460297, 460298 |
| 003 Rampur Branch, Palpa | 075-400015, 400016 |
| 004 Sabhagrihachowk Branch, Pokhara | 061-528435, 528436 |
| 005 Putalibazar Branch, Syangja | 063-421006, 421082 |
| 006 Tansen Branch, Palpa | 075-522723, 522724 |
| 007 Mahendrapool Branch, Pokhara | 061-531775, 531776, 533695 |
| 008 Birauta Branch, Pokhara | 061-461878 |
| 009 Butwal Branch, Rupandehi | 071-545506, 545507 |
| 010 Bhairahawa Branch, Rupandehi | 071-521118 |
| 011 Jitpur Branch, Kapilvastu | 076-550320 |
| 012 Kusma Branch, Parbat | 067-421236 |
| 013 Falewas Branch, Parbat | 067-430113, 430059 |
| 014 Huwas Branch, Parbat | 067-411048, 411047 |
| 015 Batulechaur Branch, Pokhara | 061-441966 |
| 016 Baglung Branch, Baglung | 068-523011 |
| 017 Kawasoti Branch, Nawalparasi | 078-541108 |
| 018 Bayarghari Branch, Syangja | 063-400036 |
| 019 Damauli Branch, Tanahun | 065-562489 |
| 020 Beni Branch, Myagdi | 069-520955, 521054 |
| 021 Darbang Branch, Myagdi | 9756700242, 069420053 |
| 022 Pokhare Bagar Branch, Myagdi | 9756701280 |
| 023 Babiyachaur Branch, Myagdi | 9756701390 |
| 024 Birgha Branch, Syangja | 063-690531 |
| 025 Sunwal Branch, Nawalparasi | 078-570001 |
| 026 Burtibang Branch, Baglung | 068-410160 |
| 027 Bardghat Branch, Nawalparasi | 078-580264 |
| 028 Chapakot Branch, Syangja | 063-411129 |
| 029 Gongabu Branch, Kathmandu | 01-4956198 |
| 030 Narayangarh Branch, Chitwan | 056-521734,523071 |
| 031 Parsa Branch, Chitwan | 056-583285 |
| 032 Daldale Branch, Nawalparasi | 078-575551 |
| 033 Muglin Branch, Chitwan | 056-540261, 60 |
| 034 Parasi Branch, Nawalparasi | 078-521065 |
| 035 Hetauda Branch, Makwanpur | 057-526786 |
| 036 Buddhachowk Branch, Chitwan | 056-531504,520500 |
| 037 Malpotchowk Branch, Chitwan | 056-533275 |

| Branch | Phone No. |
|---|---|
| 038 Shivanagar Branch, Chitwan | 056-592444 |
| 039 Tallogagangauda Branch,kaski | 061-421203, 421204 |
| 040 Lazimpat Branch, Kathmandu | 01-4445424, 4445426 |
| 041 Khaireni Branch, Rupendehi | 071-577102 |
| 042 Pharsatikar Branch, Rupendehi | 071-400208 |
| 043 Shantipur Branch, Gulmi | 079-420043, 420063 |
| 044 Tamghas Branch, Gulmi | 079-520955, 56 |
| 045 Chandrauta Branch, Kapilvastu | 076-540279, |
| 046 Chabahil Branch, Kathmandu | 01-4821260, |
| 047 Kalanki Branch, Kathmandu | 01-5224027, 5224029 |
| 048 Newroad,Kathmandu | 01-4240231, 4240253 |
| 049 Manigram,Rupandehi | 071-561852, 53 |
| 050 Biratnagar,Morang | 021-572401, 572406 |
| 051 Itahari,Sunsari | 025-588964,588965, 588966 |
| 052 Birtamod, Jhapa | 023-546715,16,17 |
| 053 Budhabare,Jhapa | 023-555588 |
| 054 Tanakisinwari,Morang | 021-421013, 420533 |
| 055 Baniyani jhapa | 023-621235 |
| 056 Biratchowk,Morang | 021-545142, 545131, 545144 |
| 057 Dharan,Sunsari | 025-526818, 526584, 521782 |
| 058 Damak,Jhapa | 023-581137, 581138 |
| 059 Yogikuti, Rupandehi | 071-437014, 437061 |
| 060 Nepalgunj,Banke | 081-415215, 415249 |
| 061 New Baneshwor | 01-4796661, 62 |
| 062 Kumaripati, Lalitpur | 01-5529746, 5527646 |
| 063 Rambazar, buddhachowk, Pokhara | 061-430423, 430460 |
| 064 Suryabinak, Bhaktapur | 01-6612027, 6612029 |
| 065 Ghorai, Dang | 082-563941, 563942 |
| 066 Dhangadi, Kailali | 091-417254, 417264 |
| 067 Besishahar, Lamjung | 066-521286 |
| 068 Tandi, Chitwan | 056-562168, |
| 069 Battar, Nuwakot | 01-0560951, 52 |
| 070 Mahendranagar, Kanchanpur | 099-522022, 522021 |